प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "नेपाली सेनाको बेकम्मा वा बेचल्तीका सामानहरु हटाउने (व्यवस्था) (तेस्रो संशोधन) नियमहरु, २०७०" रहेकोछ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन्।

२. **नेपाली सेनाको बेकम्मा वा बेचल्तीका सामानहरु हटाउने (व्यवस्था) नियमहरु, २०२२ को नियम ५ मा संशोधन** : नेपाली सेनाको बेकम्मा वा बेचल्तीका सामानहरु हटाउने (व्यवस्था) नियमहरु, २०२२ को नियम ५ को उपनियम (१०) मा रहेका "शाही नेपाली जङ्गी अड्डा" भन्ने शब्दहरुको सट्टा "जङ्गी अड्डा" भन्ने शब्दहरु राखिएका छन्।

## सूचना १६

# रक्षा आर्थिक (कार्यविधि) (पहिलो संशोधन) नियमहरु, २०७०

रक्षा आर्थिक (कार्यविधि) नियमहरु, २०२२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "रक्षा आर्थिक (कार्यविधि) (पहिलो संशोधन) नियमहरु, २०७०" रहेकोछ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन्।

२. **रुपान्तर** : रक्षा आर्थिक (कार्यविधि) नियमहरु, २०२२ को ठाउँ ठाउँमा रहेका "शाही जङ्गी अड्डा" भन्ने शब्दहरुको सट्टा "जङ्गी अड्डा" भन्ने शब्दहरु राखी रुपान्तर गरिएकोछ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।